# वन्यजन्तु संरक्षणका समुदायमुखी प्रयासहरू

■ उदयराज शर्मा*

## परिचय

नेपालका राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष क्षेत्रले देशमा छुट्टै पहिचान वनाएका छन् एवं प्रतिष्ठाका विषय भएका छन् । दसवटा राष्ट्रिय निकुञ्ज, चारवटा आरक्ष, छवटा संरक्षण क्षेत्र र एघारवटा मध्यवर्ती क्षेत्रहरूले देशको भूभागको झन्डै एकचौथाइ (२३ प्रतिशत) स्थान ओगटेका छन् । यी स्थानहरूले नेपालमा पाइने अत्यन्त रमणीय क्षेत्रहरू र बहुमूल्य पारिस्थितिकीय प्रणालीहरूको संरक्षण गरेका छन् ।

संरक्षणको प्रयास राणाकालीन समयदेखि नै भए पनि विधिवत् सुरुआत पञ्चायती व्यवस्थाको मध्यकाल सन् १९७० को दशकबाट भएको हो । निकुञ्ज, आरक्षहरूको स्थापना, व्यवस्थापन एवं सुरक्षाका लागि पूर्वराजा वीरेन्द्र शाह एवं ज्ञानेन्द्र शाहको भूमिका महत्वपूर्ण रहेको इतिहासले देखाउँछ ।

समुदायमुखी वन्यजन्तु संरक्षणको सुरुआत पनि पञ्चायतकालको अन्त्यतिरबाट भयो । खासगरी अन्नपूर्ण संरक्षण क्षेत्रको सुरुआत त्यसैताका भएको हो । संरक्षण क्षेत्रको सुदृढ व्यवस्थापन र मध्यवर्ती क्षेत्रको अवधारणा लोकतान्त्रिक व्यवस्थापछि बढी घनीभूत भएको देखिन्छ । अन्नपूर्ण संरक्षण क्षेत्र सन् १९८६ मा पाइलट प्रोजेक्टको रूपमा सुरु हुँदा २०० वर्गकिलोमिटरको मात्र थियो भने यो पछि पाँच जिल्लाका ५९ गाविसहरूको ७,६०० वर्ग किमि क्षेत्रफल ओगट्ने नेपालको सबभन्दा ठूलो संरक्षित क्षेत्रको रूपमा विकसित भयो ।

## मध्यवर्ती क्षेत्र

नेपालमा मध्यवर्ती क्षेत्रको अवधारणा सन् १९९१ बाट सुरु भएको देखिन्छ । यो अवधारणापश्चात् निकुञ्ज वा आरक्षका सीमावर्ती क्षेत्रमा रहेका वनजंगल संरक्षण हुनु र त्यहाँको भूउपयोग निकुञ्ज/आरक्षको उद्देश्यअनुकूल हुँदै जानुले पनि मध्यवर्ती क्षेत्रको आवश्यकता रहेको महसुस हुन्छ । मध्यवर्ती क्षेत्रको संरक्षण तथा व्यवस्थापन नभएमा निकुञ्ज/आरक्षहरू क्रमशः गाउँसहरहरूको बीचका जंगलका टापुजस्तो हुन जान्छन् र त्यो वन्यजन्तु संरक्षणको हिसाबले उपयुक्त अवस्था नहुन सक्छ ।

नेपालमा प्रस्तुत मध्यवर्ती क्षेत्रको शोधकार्य (सन् १९८९-१९९१) चितवन राष्ट्रिय निकुञ्जमा भयो र सोको आधारमा मध्यवर्ती क्षेत्रको सिद्धान्त प्रतिपादन गर्ने सौभाग्य मैले प्राप्त गरें । त्यसपछिका शोध कार्यहरूले यो सिद्धान्तलाई अझ बढी परिष्कृत पारे । धेरैजसो शोधकार्यहरू शोधमा र त्यसपछि निस्कने प्रकाशनमा मात्र सीमित हुने गर्छन् । यो शोधकार्यबाट सुझावको रूपमा आएका विषयहरूलाई क्रमशः नेपाल सरकारले नीति र कानुनमा ढाली प्राथमिकताका साथ यूएनडीपीअन्तर्गत पार्क एन्ड पिपुल कार्यक्रम लागू गऱ्यो । हाल मध्यवर्ती कार्यक्रम नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयको मुख्य कार्यक्रम हो र अधिकांश राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षमा लागू भएको छ । मध्यवर्ती क्षेत्रले राष्ट्रिय निकुञ्ज र आरक्षवरिपरिका (भित्र गाउँहरू रहेछन् भने सोसमेत) तोकिएको निश्चितरूपले चारकिल्ला खोलिएको क्षेत्रफल जनाउँछ । मध्यवर्ती क्षेत्रमा सरकारी जंगल, गाउँबस्ती, खेतबारी, अन्य निजी तथा सार्वजनिक जग्गाहरू र खोलानालाहरू पर्छन् । यसको निश्चित क्षेत्र तोक्दा निकुञ्ज/आरक्ष निकटवर्ती क्षेत्रमा बसोवास गर्ने जनतालाई निकुञ्ज वा आरक्षको स्थापनाले प्रभाव पार्ने प्रत्यक्ष क्षेत्रहरू समेटिने गरिन्छ । निकुञ्ज/आरक्षको सिमानाबाट प्रभावको आधारमा १-५ किमि क्षेत्र पर्ने गर्छ । साधारणतया निकुञ्ज/आरक्षबाट निस्कने वन्यजन्तुले नोक्सानी गर्ने बालीनाली वा बसोवासमा पार्ने अन्य समस्याहरूलाई ध्यानमा राखी मध्यवर्ती क्षेत्रको सिमाना

स्थानीय व्यक्तिहरूसँग परामर्श गरी तोकिन्छ । 'असर' बारे थप व्याख्या र अन्य सम्बन्धित विषयहरूमा थप विवरण मध्यवर्ती क्षेत्र नियमावली २०५२ र त्यसपछि प्रकाशित व्यवस्थापन निर्देशिका २०५६ मा उल्लेख गरिएका छन् ।

मध्यवर्ती क्षेत्र कार्यक्रम निकुञ्ज वा आरक्षमा नजिक बस्ने जनसमुदायको अवाञ्छित असर कम गर्ने एक उत्कृष्ट प्रभावकारी माध्यम हो । बन्दुक देखाएर मात्र संरक्षण हुन सक्दैन तर बन्दुकको प्रयोग निकुञ्ज आरक्षको भित्री भागमा मात्र सीमित राखेर जनसमुदाय परिचालन गरी मध्यवर्ती क्षेत्र व्यवस्थापन गर्न सकेमा चितवन, बर्दिया, कोसीटापुजस्तो जनताको अत्याधिक चाप रहेका क्षेत्रमा पनि वन्यजन्तु संरक्षण कार्यक्रम सफल हुन सक्छ भन्ने यस अवधारणाको विशेषता हो । मध्यवर्ती क्षेत्र कार्यक्रम लागू गरिएका निकुञ्ज आरक्षहरूमा स्थानीय समुदायको चाप निश्चित् रुपले घटेको साथै मध्यवर्ती क्षेत्रको दिगो व्यवस्थापनमा टेवा पुऱ्याएको विभिन्न अध्ययन र प्रभाव मूल्यांकन प्रतिवेदनले देखाएको छ ।

नेपालको मध्यवर्ती क्षेत्रको आफ्नो छुट्टै नौलोपन छ । अरू देशका मध्यवर्ती क्षेत्रहरू साधारणतया निकुञ्जहरूलाई केही अवधि जोगाउने व्यवस्था मात्र हुने गर्छन् । स्थानीय जनताको बढ्दो माग र निकुञ्ज स्थापना भएकै कारणले बाँकी रहेको वन क्षेत्रमा पर्न जाने थप चाप र अन्य व्यवस्थापकीय कमजोरीले त्यस्ता वन जंगलहरू क्रमशः ह्रास हुने गर्छन् तर नेपालको मध्यवर्ती क्षेत्र एउटा सघन रूपले व्यवस्था हुने क्षेत्र हो । यहाँ उपलब्ध वन, कृषि र अन्य भूभागलाई सघन रूपमा व्यवस्थापन गरी प्राप्त हुने उपजबाट स्थानीय व्यक्तिहरूलाई जीविकोपार्जनका थप उपायहरू र निकुञ्ज⁄आरक्षभित्र अवैधरूपले घाँस, दाउरा, काठ संकलन गर्न जानै नपर्ने व्यवस्था मिलाउने यस अवधारणाको मुख्य उद्देश्य रहेको छ । यस्तो व्यवस्थापन गर्न र वन्यजन्तु, खोलापहिरोबाट हुने धनजनको क्षतिपूर्तिसमेतका लागि नेपाल सरकारले निकुञ्ज⁄आरक्षले आर्जन गरेको राजस्वको ३०-५० प्रतिशत सोझै मध्यवर्ती क्षेत्र विकास समितिमार्फत उपभोक्ता समूहलाई प्रदान गर्न सक्ने कानुनी व्यवस्था छ ।

## मध्यवर्ती क्षेत्रको व्यवस्थापन

मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने सबै परिवार (घरधुरी) मध्यवर्ती क्षेत्र उपभोक्ता समूहका सदस्य हुन सक्छन् । समिति सदस्यहरू भने निर्वाचनद्वारा वा आमसहमतिबाट मध्यवर्ती क्षेत्र उपभोक्ता समूहले छनोट गर्छन् । उपभोक्ता समितिको कार्यक्षेत्र करिब एक गाविसको क्षेत्रजति हुने गर्छ । उपभोक्ता समूहले आफ्नो क्षेत्रमा कार्यक्रम कार्यान्वियन गर्न विभिन्न उपभोक्ता समूह एवं उपसमूह गठन गर्ने गर्छ । निकुञ्ज⁄आरक्ष प्रशासनले उपभोक्ता समितिको कार्यक्रम निर्माणदेखि कार्यान्वयनसम्म विभिन्न प्रकारले सघाउने गर्छ, जस्तै : तालिम प्रदान गरेर बचत तथा ऋण कार्यक्रम सञ्चालन गर्ने तरिका सिकाएर, अन्य प्राविधिक विषयमा सहयोग गरेर इत्यादि । यी कार्यक्रमको खर्च उपभोक्ता समितिबाट नै हुन्छ र आय-व्ययको लेखा राख्ने तथा आर्थिक वर्षको अन्त्यमा लेखा परीक्षण गराउनेलगायतका सम्पूर्ण जिम्मेवारी उपभोक्ता समितिको नै हुन्छ ।

उपभोक्ता समितिका सबै अध्यक्षहरू र जिल्ला विकास समितिअन्तर्गत वन तथा वातावरण समितिका प्रतिनिधि मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका सदस्यहरू रहने कुरा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावलीले गरेको छ । सो समितिका सदस्यसचिव सम्बन्धित निकुञ्ज वा आरक्षका प्रमुख संरक्षण अधिकृत रहने व्यवस्था छ । म.क्षे.व्य.स. को अध्यक्ष निर्वाचित उपभोक्ता समितिका अध्यक्षमध्येबाट चयन हुने व्यवस्था छ । समितिको बैठक साधारणतया वर्षमा दुई चोटि हुने गर्छ । सो समितिले निकुञ्ज⁄आरक्षबाट प्राप्त रकमको छलफलद्वारा र मध्यवर्ती क्षेत्र निर्देशिकाबमोजिम उपभोक्ता समूहमा प्राथमिकताका आधारमा प्रवाह गर्नुपर्छ । यस्तो रकम साधारणतया ग्रामीण पूर्वाधार विकास कार्य, संरक्षण कार्य र वन्यजन्तुको क्षतिले हुने घरपालुवा बस्तुभाउमा परेको क्षतिपूर्ति दिने काममा खर्च गर्ने गरिन्छ । उपभोक्ता समूहको प्रशासनिक खर्च साधारणतया कुल आम्दानीको दस प्रतिशतभित्र नै समेटिने गर्छ । मध्यवर्ती क्षेत्रभित्रका मानिसलाई वन्यजन्तुले आक्रमण गरेमा उपभोक्ता समूहले तुरुन्त उपचार गर्नुपर्ने वा कसैको मृत्यु भएमा काजकिरिया गर्नका लागि तत्काल राहत रकम उपलब्ध हुने व्यवस्था मिलाउने गरेका छन् ।

## मध्यवर्ती क्षेत्रका चुनौती

मध्यवर्ती क्षेत्र कार्यक्रम नेपालमा विधिवत् रूपमा सुरु भएको डेढ दशक भइसकेको छ । यसका सबल पक्ष धेरै भए पनि कमजोर पक्षहरू पनि रहेका छन्, जसका बारेमा धेरै ठाउँमा व्याख्या भएको पाइन्छ । यसको मुख्य विचारणीय पक्ष भनेको मध्यवर्ती क्षेत्रको अवधारणा निकुञ्ज/आरक्षवरिपरि ठीकसँग लागू भयो कि भएन भन्ने हो । उपभोक्ताको चयन नै ठीकसँग भएन, म.क्षे.व्य.स.को अध्यक्ष कार्यक्रम बाँडफाँडमा सावधान र वस्तुपरक रहेनन् र निकुञ्ज/आरक्ष प्रशासनले आवश्यकताअनुसार चासो देखाएन भने कार्यक्रम त्यति सफल नहुन पनि सक्छ । मध्यवर्ती क्षेत्र कार्यक्रममा निमुखा गरिब, बेरोजगार, पछाडि पारिएका जनजातिले प्रत्यक्ष लाभ लिन सकेनन् भन्ने आरोप पनि रहिआएको छ । चितवन राष्ट्रिय निकुञ्ज र अन्य निकुञ्ज आरक्षहरूको वन्यजन्तु र वन सम्पदाको संरक्षणमा यो कार्यक्रमको कस्तो दीर्घकालीन असर रहेको छ भन्नेमा ठोस अनुसन्धान गरिनु आवश्यक छ । त्यस्तै कार्यक्रमले मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने सबै समुदाय, वर्गसमक्ष लाभको बाँडफाँडमा न्यायिक र समतामूलक व्यवहार रह्यो, रहेन, सुधारका स्थान के हुन् भन्ने विषयमा पनि अनुसन्धान हुन आवश्यक छ । हाल भइरहेको ग्रामीण पूर्वाधार, जस्तै : सडक, स्कुल भवन मर्मत, तटबन्ध इत्यादिमा मध्यवर्ती क्षेत्रको अधिकांश रकम खर्च भइरहेकोमा के यो समान छ ? के यसले सबै वर्ग र समुदायलाई समानुपातिक रूपले हित गरेको छ भन्ने पनि शोधको विषय हुनुपर्छ । साथै मध्यवर्ती क्षेत्र व्यवस्थापनका लागि निर्माण भएका समिति, समूहहरूमा व्यवस्थापकीय क्षमता पर्याप्त छ कि छैन, विगतको तुलनामा कति अभिवृद्धि भयो र हालको आवश्यकता के हो भन्ने लगायत धेरै प्रश्नहरूमा थप अनुसन्धानको आवश्यकता छ ।

नेपालका वन क्षेत्रनजिकको मुख्य समस्या भनेको सुकुमबासी र अव्यवस्थित बसोवासको समस्या हो । निकुञ्ज/आरक्षहरूवरपर पनि यी समस्याहरू विद्यमान छन् । जबसम्म भूमिहीन वा अत्यन्त न्यून जमिनमा जीवन गुजारा गरिरहेका ग्रामीण जनसमुदायलाई आयमूलक कार्यक्रममा लगाइन्न, नेपाली सेनाको उपस्थितिले मात्र मध्यवर्तीभित्रको वन क्षेत्र अतिक्रमण हुनबाट रोकिन सक्दैन । मध्यवर्ती क्षेत्रमा रहेको एक प्रमुख नियमावलीसम्बन्धी त्रुटि भनेको गरिबका लागि कबुलियती वन कार्यक्रमको व्यवस्था नहुनु हो । यस्तो प्रावधान अविलम्ब राखिनुपर्छ र गरिब सीमान्त वर्गको जीविकोपार्जनको आवश्यकता पूर्ति गर्न पहल गरिनुपर्छ ।

अन्त्यमा उपभोक्ता समिति र समूहका पदाधिकारी नै यस कार्यक्रमका संवाहक हुनेहुँदा तिनीहरूको कार्यक्षमता, उत्साह, नेतृत्वदायी क्षमता अभिवृद्धि गर्न निकुञ्ज प्रशासनले थप प्रयास गर्नुपर्छ । कार्यक्रमलाई प्रभावशाली बनाउन, त्यस्ता बुदाँहरूको चासो बढाउन निकुञ्ज/आरक्ष प्रशासन र मध्यवर्ती क्षेत्र कार्यक्रमका पदाधिकारीहरूबीच सौहार्द्रतासहित हातेमालो गरी अगाडि बढ्ने चाहना र समग्रमा यी सम्पूर्ण कार्य प्रकृति संरक्षणका लागि र मानव समाजको विकासका लागि हुन् भन्ने भावनाको अभिवृद्धि हुनु आवश्यक छ । यस्तो कार्यक्रमले स्थानीय एवं राष्ट्रिय स्तरमा प्रतिष्ठा बढ्ने हुँदा यस्ता कार्यक्रम सफल पार्न दुवै पक्षको प्रयासमा मध्यवर्ती क्षेत्रका बासिन्दाहरूलाई लक्षित गरी प्रभावकारी चेतनामूलक कार्यक्रमहरू क्रमशः लागू गर्दै जानुपर्छ ।

●●●

---

* *शर्मा वन तथा भू संरक्षण मन्त्रालयका पुर्व सचिव हुनुहुन्छ ।*